‘मगरात स्वायत्ततासहितको अखण्ड र समृद्ध नेपाल निर्माणका लागि हाम्रो आन्दोलन,
वैज्ञानिक, व्यावहारिक र सङ्घीय शिक्षाप्रणालीको पक्षमा सातौँ राष्ट्रिय महाधिवेशन !




# माघ १३,१४ र १५ गते तनहुँको दमौली जाऔं,
# नेपाल मगर विद्यार्थी संघको सातौँ राष्ट्रिय
# महाधिवेशन भव्य रूपमा सफल पारौं !

*आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरू !*

आफ्नै मौलिक भाषिक, सांस्कृतिक र धार्मिक परम्परा भएको मगर जाति जनसङ्ख्याको हिसाबले नेपालको सबैभन्दा ठूलो आदिवासी जनजाति हो। इतिहासमा आफ्नै छुट्टै राज्य भएको मगर जाति विगत चार शताब्दीभन्दा अगाडिदेखि विशेषतः तथाकथित् आधुनिक नेपालको विस्तारपछि आफ्नो मूलथलोमै राज्यको मूलधारबाट विस्थापित हुँदै आएका छन्। वि.सं. १६१६ मा पूर्ण रूपले राज्य खोसिएपछि मगरहरू प्राकृतिक स्रोत जल, जङ्गल, जमिन, खानी र व्यापारिक नाकामाथिको अधिकारबाट बञ्चित गरिएका छन्। समतावादी संरचनामा आधारित मगरहरूको सामाजिक संरचना अतिक्रमित भएको छ। मगरहरूको मौलिक भाषा, धर्म र संस्कृति उपेक्षित हुँदै आएको छ भने सामाजिक मूल्यमान्यतालाई राज्यबाटै अपहेलित गरिएको छ। नेपालको राज्यसंरचनामा निर्णायक भूमिका खेल्नबाट मगर जातिलाई बञ्चित गरिएको छ अर्थात् मगर जातिले राजनीतिक, भाषिक, साँस्कृतिक, आर्थिक, शैक्षिक र प्रशासनिकलगायत सबै क्षेत्रमा राज्यबाट शोषण, उत्पीडन र दमनको शिकार हुनुपरेको छ।

मगर जातिमाथि भएको शैक्षिक, राजनीतिक,सामाजिकलगायत अन्य विभेदका बारेमा मगर विद्यार्थीहरूलाई सचेत, संगठित आन्दोलित बनाउन र शिक्षित र समृद्ध मगर समाजका साथै समृद्ध र समुन्नत नेपाल निर्माण गर्ने अभिप्रायले वि.सं.२०५१ फागुन २७ गते दाङको घोराहीमा नेपाल मगर विद्यार्थी संघको स्थापना गरिएको हो। स्थापना कालदेखि हालसम्मको अवधिसम्म संघले मगर जातिलाई माथि उठाउनका लागि शैक्षिक, सामाजिक र राजनीतिक सचेतनाका निम्ति अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। मगरलगायत नेपाली राष्ट्रियता र नेपाली जनताको पक्षमा सम्पन्न भएका सामाजिक तथा राजनीतिक परिवर्तन, जनयुद्ध र जनआन्दोलनमा युवा मगर विधार्थीहरूले सबैभन्दा बढी त्याग र बलिदानी पनि गर्दै आएका छन्।

संघको स्थापनापश्चात् १३ वटा अञ्चल, ५९ वटा जिल्ला, दुईवटा विश्वविद्यालय र छसय ५० बढी क्याम्पस, उच्च मा.वि., प्राविधिक शिक्षालय र मा.वि.मा संगठन निर्माण भएको छ। लाखौं मगर विद्यार्थीहरू समतामूलक समाज र समृद्ध राष्ट्र निर्माणका लागि संघमा संगठित छन्। मगर जातिभित्र रहेका विविधतालाई समेट्दै अगाडि बढिरहेको मगर विद्यार्थीहरूको प्यारो संगठन नेपाल मगर विद्यार्थी संघको सातौं राष्ट्रिय महाधिवेशन *'मगरात स्वायत्ततासहितको अखण्ड र समृद्ध नेपाल निर्माणका लागि हाम्रो आन्दोलन, वैज्ञानिक, व्यावहारिक र सङ्घीय शिक्षाप्रणालीको पक्षमा सातौ राष्ट्रिय महाधिवेशन !'* भन्ने मूल नाराका साथ २०६८ माघ १३, १४ र १५ गते मगर जातिको ऐतिहासिक भूमि तनहुँको ड्याम्बुले (दमौली) बजारमा सम्पन्न हुन गइरहेको छ। संघको ऐतिहासिक विकासक्रममा २०५३ असोज (२४–२६ गते), पोखरामा प्रथम राष्ट्रिय महाधिवेशन, २०५६ मंसिर (२४–२६ गते), काठमाडौंमा दोस्रो राष्ट्रिय महाधिवेशन, २०५९ माघ (२५–२७ गते) काठमाडौंमा तेस्रो राष्ट्रिय महाधिवेशन पौष (१०–११ गते), काठमाडौंमा चौथो राष्ट्रिय महाधिवेशन, २०६४ पौष (१४–१६ गते), बाग्लुङ्गमा पाँचौ राष्ट्रिय महाधिवेशन र २०६६ माघ ८ र ९ गते पाल्पामा छैटौं राष्ट्रिय महाधिवेशन सम्पन्न भइसकेको छ। साथै संघको राष्ट्रिय महाधिवेशन नहुने वर्षहरूमा सांगठनिक जीवन्तताका लागि २०५४ मंसिर (२७–२८) गते बिर्तामोड झापामा दोस्रो राष्ट्रिय सम्मेलन, २०५५ मंसिर (२६–२७) धनगढी, कैलालीमा तेस्रो राष्ट्रिय सम्मेलन, २०५५ मंसिर (२६–२७) धनगढी, कैलालीमा चौथो राष्ट्रिय सम्मेलन २०५७ पौष (५–६ गते) गाईघाट, उदयपुरमा पाँचौ राष्ट्रिय सम्मेलन, २०६० फाल्गुन (२७–२८ गते) नेपालगञ्ज, बाँकेमा राष्ट्रिय विस्तारित भेला, २०६४ फागुन ४ र ५ गते हेटौंडा, मकवानपुर, २०६५ माघ ११ र १२ गते दाङको घोराही र २०६७ फागुन २७ र २८ गते सिन्धुलीको सदरमुकाम सिन्धुलीमाढीमा राष्ट्रिय विस्तारित भेला सम्पन्न भइसकेका छन्।

*आदरणीय जनसमुदायहरू !*

सदियौँदेखि शासक जातिका शासकवर्गबाट शोषित हुँदै आएका मगर जाति एवम् आदिवासी जनजाति र उत्पीडित समुदायले समतामूलक र समावेशी समाजका साथै समृद्ध नेपाल निर्माणका लागि ऐतिहासिक कालखण्डदेखि नै सङ्घर्ष गर्दै आएका छन्। राणा शासकहरूविरुद्ध जनस्तरबाट संगठित एवम् राजनीतिक रूपमा संघर्ष गर्ने क्रममा वि.सं. १९०२ मा नेपालका प्रथम सहिद लखन थापामगरले सहादत प्राप्त गर्नुभयो। राणा शासनको अन्त्यका लागि भएको २००७ सालको सङ्घर्ष, पञ्चायती शासनको अन्त्यका लागि भएको २०३६ र २०४६ को आन्दोलन, दश वर्षे जनयुद्व र ०६२/६३ को जनआन्दोलनमा मगर जाति र अन्य आदिवासी जनजातिको महत्वपूर्ण भूमिका रहेको थियो।

दश वर्षे जनयुद्ध, ०६२/६३ जनआन्दोलन, आदिवासी जनजाति आन्दोलन र मधेशआन्दोलनपश्चात् २०६४ चैत्र २८ गते नेपालमा पहिलोपटक संविधानसभाको निर्वाचन भयो। संविधानसभाको निर्वाचनपश्चात् नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल घोषणा गरिसकिएको छ। संविधानसभाको दुईवर्षे कार्यावधि सकिएर पटक–पटक म्याद थपिए पनि मगरलगायत आम शोषित, उत्पीडित जनसमुदायको मर्म र सहिदको सपनालाई तिलाञ्जली दिँदै नयाँ संविधान निर्माणलाई ओझेलमा राखेर नेपालका राजनीतिक दलहरू आपसी सत्तासङ्घर्षमा मात्र केन्द्रित भइरहेका छन्, जसका कारण हजारौं जनताको रगतसँग साटिएको नेपाली जनताको संविधान जनताले बनाउने स्वर्णिम अवसर नै खतरामा परिरहेको छ। राजनीतिक दलहरूबीच राष्ट्रिय सहमति कायम गरी मगरलगायत उत्पीडित जाति, भाषा, लिङ्ग, क्षेत्र र वर्ग समुदायको अधिकार सुनिश्चित भएको संविधान जारी गर्नुको विकल्प छैन। तर राजनीतिक दलहरूको सङ्कीर्ण सोंच र चरम सत्तालिप्सा देख्दा मगरलगायत आम उत्पीडित जनसमुदायले अर्को सङ्घर्षको तयारी गर्नुपर्ने बेला आइसकेको महसुस भएको छ।

बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र बहुधार्मिक देश नेपालमा एकात्मक, केन्द्रीकृत र विभेदपूर्ण राज्यप्रणालीका कारण मगरलगायत आदिवासी जनजाति, दलित, महिला, मधेसी र दुर्गम क्षेत्रका जनताले राज्यको उपस्थिति र राज्यमा पहुँचको आभास पाउन सकिरहेका छैनन्। राज्यका हरेक अङ्गमा सबै जाति, भाषा, लिङ्ग, क्षेत्र र वर्गसमुदायको समानुपातिक प्रतिनिधित्व हुन नसकेकै कारण नेपाल एकपछि अर्को द्वन्द्वमा फस्दै गइरहेको छ। तसर्थ, देशका सबै नागरिकहरूलाई समानताको आभास दिलाउनका लागि एकात्मक राज्यसंरचनालाई पूर्णरूपमा परिवर्तन गरी मगरात स्वायत्ततासहितको संघात्मक राज्यको निर्माण गर्नुको कुनै विकल्प छैन। यद्यपि संघात्मक राज्यका बारेमा थुप्रै भ्रम सृजना गरी देशलाई पुरानै ढाँचाको एकात्मक राज्यसंरचनाको घेराभित्र कैद गर्ने प्रयास नेपालका ठूला भनिने राजनीतिक दलबाटै भएको घामझैं छर्लङ्ग देखिइसकेको छ। सङ्घीय राज्यको निर्माण भयो भने देश टुक्रन्छ, राष्ट्रियता कमजोर हुन्छ र जातीय सामन्तवादको थालनी हुन्छ भन्ने जस्ता भ्रम पनि फैलाइएको पाइन्छ। ती भ्रम या त एकात्मक राज्यको परम्परागत, सामन्ती र समानताविरोधी पाखण्डी अवधारणाको प्रभावबाट या त मगरलगायत आदिवासी जनजातिलाई जुनसुकै हालतमा भए पनि राज्यको मूल प्रवाहबाट पाखा पार्ने नियतबाट अभिप्रेरित भएको तथ्य सबैले बुझ्नु जरुरी छ।

देशलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रूपमा घोषणा गरिसकेपछि सङ्घीय राज्यको आधारको बारेमा व्यापक छलफल, अन्तर्क्रिया र बहस चलिरहेका छन्। सङ्घीय राज्यव्यवस्थालाई औपचारिकतामा सीमित राख्ने र मगरलगायत आदिवासी जनजातिमाथि फेरि पनि शोषण र दमन गर्ने नियतले संविधानसभामा राज्य पुनसंरचनाबारे नकरात्मक तर्कसमेत भइरहेका छन्। सङ्घीय राज्यप्रणालीलाई औपचारिकतामा सीमित राख्न चाहने र संघीयता नै नचाहने शक्तिहरूले ऐतिहासिकता,जातीय पहिचान, सामर्थ्य र उत्पीडनलाई सङ्घीयताको आधार बनाइएको संविधानसभाको राज्यपुनसंरचना समितिले पारित गरेका कुराको समेत विरोध गरिरहेका छन्। हामी सङ्घीयतालाई सबै जाति, भाषा, क्षेत्रको न्यायोचित शक्ति र स्रोत बाँडफाँडयुक्त व्यावस्थाका रूपमा स्थापित गराउन चाहन्छौं। मगरलगायत आदिवासी जनजातिको निश्चित आदिम भूमि, ऐतिहासिक राज्य, प्राकृतिक स्रोतसँगको निकटता र सामिप्यता, मौलिक भाषा, धर्म, संस्कृति, परम्पराको निश्चित क्षेत्र र सघन जनसङ्ख्याको आधारमा जातीयता, पहिचान र उत्पीडनलाई संघीयताको एउटा आधार बनाउनुपर्छ भन्ने स्पष्ट मान्यता मगरलगायत आदिवासी जनजातिले राख्दै आएका छन्।

मगरहरूको आदिभूमि, जहाँ प्राकृतिक रूपबाटै मगर जातिको सामिप्यताका साथै साझा संस्कृति र परम्पराको विकास भएको छ, ती स्थानमा मगरात स्वायत्त राज्यको स्थापना गरिनुपर्दछ। जातीयता, पहिचान र उत्पीडन जस्तै भाषा, क्षेत्र, भौगोलिकलगायतका आधार पनि सङ्घीयताका आधार हुन सक्छन्। सङ्घीयताको बहस चलिरहँदा सङ्घीय राज्यबाटै सबैको सबै समस्या समाधान हुन सक्छन् भन्ने भ्रमपूर्ण तर्क पनि यदाकदा अगाडि सारिएको पाइन्छ। सङ्घीय राज्यबाट बढीभन्दा बढी जनताको राज्यको मूल प्रवाहमा उपस्थिति, प्राकृतिक र मानवीय स्रोत र साधनको समुचित बाँडफाँड, साझेदारीपूर्ण शासनप्रणालीलगायतका राज्यसंचालनका आधारभूत मूल्यमान्यता स्थापित गरिनुपर्दछ। तथापि सङ्घीय राज्यका नाममा राज्य–राज्यबीचको द्वन्द्व, आपसी असमझदारी र असहिष्णुतालाई प्रश्रय दिइनु हुँदैन। सङ्घीय राज्यको बारेमा व्यापक बहस चलिरहँदा सम्पूर्ण मगर जातिको तर्फबाट निश्चित गरिएको मगरात स्वायत्त प्रदेश र उपस्वायत्त क्षेत्रहरूको वैज्ञानिक अवधारणालाई ठोस रूपमा कार्यान्वयन गर्नका लागि व्यापक रूपमा अन्तर्क्रिया, छलफल, बहस, जनदबाबका कार्यक्रम गरिनुका साथै राजनीतिक दलहरूलाई सहयोग पनि पुऱ्याउन जरुरी छ। यद्यपि संविधानसभाबाट मगरात स्वायत्ततासहितको नयाँ संविधानको सुनिश्चितता हुने अवस्था कमजोर हुँदै गएको वर्तमान अवस्थाको गम्भीर विश्लेषण गर्दै राष्ट्रलाई असफलता र निर्णयविहीनताको अवस्थाबाट मुक्त गराउन ७५ वटै जिल्लामा छरिएर रहेका र विश्वका विभिन्न कुनामा रहेका मगरहरूले स्पष्ट राजनीतिक दृष्टिकोणका साथ सङ्घीय गणतन्त्र नेपालअन्तर्गत स्वायत्त संघीय राज्य संचालन गर्ने दिशामा अगाडि बढ्नुको विकल्प अब बाँकी छैन।

*प्रिय विद्यार्थी साथीहरू !*

शिक्षा मानिसको तेस्रो आँखा हो। कुनै पनि राष्ट्रको समृद्धि र सम्पन्नताको सूचकको रूपमा शिक्षालाई लिने गरिन्छ। नेपालमा शैक्षिक क्षेत्रको विकासका लागि राज्यले करौडौं लगानी गरिरहेको तथापि शिक्षा क्षेत्रले लगानी गरेअनुरुपको प्रतिफल प्राप्त गर्न सकेको छैन। शैक्षिक क्षेत्रमा व्याप्त विकृति, विसङ्गति र अव्यवस्थाका कारण शैक्षिक लगानी खेर गइरहेको छ। राज्यको शैक्षिक नीति, उद्देश्य र कार्यक्रम सामन्ती, पुरातन, अवैज्ञानिक र अव्यवहारिक छ। नेपालमा मगरलगायत आदिवासी जनजातिले आफ्नो मातृभाषा बोल्ने गर्दछन्। एकातिर आदिवासी जनजातिको मातृभाषामा प्राथमिक तहसम्म पाठ्यक्रम विकास भए तापनि राज्यले कार्यान्वयनमा ध्यान दिएको छैन भने अर्कातिर कुनै पनि नेपालीले बोलीचालीमा प्रयोग नगर्ने संस्कृत भाषाको विश्वविद्यालय स्थापना गरिएको छ र संस्कृत अध्ययनरत विद्यार्थीहरूलाई विशेष व्यवस्था समेत राज्यले गरेको छ। यसरी राज्यले शिक्षामा विभेद गरेको छ।

नेपालको शिक्षाप्रणाली विभेदपूर्ण मात्र छैन, घोकन्ते र पुरातनवादी पनि छ। कृषिप्रधान देश नेपालमा एउटा पनि कृषि विश्वविद्यालयको स्थापना गरिएको छैन। शैक्षिक पाठ्यक्रमहरू समयानुकूल परिमार्जन भएका छैनन्। शिक्षा नाफा कमाउने साधन किनबेचको वस्तुजस्तो भएको छ। सम्पन्न वर्गका लागि निजी शैक्षिक संस्था र विपन्न वर्गका लागि सरकारी शैक्षिक संस्था अघोषित रूपले असमान शिक्षाप्राप्तिका थलो बनेका छन्। सरकारी शैक्षिक संस्था शैक्षिक अराजकताको शिकार बनेका

छन्। शिक्षा प्राप्त गरेपछि पनि रोजगारीको कुनै व्यवस्था नहुँदा शैक्षिक संस्थाहरू बेरोजगार उत्पादन गर्ने कारखानामा परिणत हुँदैछन्। निजी र सरकारी शैक्षिक संस्थाबीच असमान सुविधा र समान प्रतिस्पर्धाको अन्यायपूर्ण प्रावधान कायम भएको छ। पाठ्यपुस्तकहरू बोझिलो र खर्चिलो हुनु, विद्यार्थी संख्या, शिक्षक संख्या र भौतिक पूर्वाधारको अनुपात नमिल्नु आदि समस्याबाट विद्यार्थी र अभिभावक प्रभावित छन्। शिक्षालाई श्रमसँग जोडिएको छैन। यसरी शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारबाट समेत मगरलगायत बहुसंख्यक आदिवासी जनजातिहरू विमुख भएका छन्। शिक्षा प्रदान गर्ने दायित्वबाट राज्य पन्छिएको छ। निजी र सरकारी, शैक्षिक पाठ्यक्रमको समायोजन र परिमार्जन राज्यले गर्न सकेको छैन। यद्यपि संविधानसभामा व्यापक छलफल र बहस हुनुपर्नेमा सङ्घीय शिक्षा र मातृभाषा शिक्षाको स्वरूपका पक्षमा सरोकारवाल पक्षबीच पर्याप्त मात्रामा बहस र छलफल भएको छैन।

विश्वस्तरमा प्रतिस्पर्धा गर्ने खालको प्राविधिक शिक्षाको समयानुकूल विकास हुन सकेको छैन। सीमित विद्यार्थीहरूले उच्च शिक्षा प्राप्त गर्ने अवसर पाए तापनि आफूले हासिल गरेको ज्ञान, सीप र अनुभवलाई व्यवसायिक रूपमा अवलम्बन गर्ने वातावरण बन्न सकेको छैन। शैक्षिक योग्यता हासिल गरेका व्यक्तिहरू पनि योग्यताअनुरूपको काम नपाउँदा या त कामको खोजीमा विदेशिनु परिरहेको छ या त उचित मार्गनिर्देशनको अभावमा निराश, कुण्ठाको सिकार भई पलायनको बाटो रोज्ने बाध्यता सिर्जना भएको छ। शिक्षालाई सीप, सृजना र स्वरोजगारको आधारको रूपमा विकास गर्न राज्यले सकेको छैन। संविधानसभाको निर्वाचन पछि पनि राज्यले शिक्षा क्षेत्रमा कुनै खास परिवर्तनको आभाष दिलाउन सकेको छैन। राजनीतिक खिचातानी, शिक्षा क्षेत्रमा बढ्दो निजीकरण र व्यापारीकरणको प्रभावका कारण सरकार र निजी शैक्षिक संस्थाका प्रतिनिधिहरूका विवाद, विभिन्न किसिमका द्वन्द्व आदिका कारण शैक्षिक क्षेत्र नराम्ररी प्रभावित हुन पुगेको छ। यसरी देशमा शिक्षा प्राप्त गर्ने अनुकूल वातावरण नबन्दा कलिलो उमेरमा लाखौं मगर युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन्। तसर्थ, वर्तमान अवैज्ञानिक, अव्यावहारिक र विभेदपूर्ण शिक्षाप्रणालीको तत्काल अन्त्य गर्दै सबै जाति, भाषा, संस्कृति, धर्म, सम्प्रदाय, वर्ग, लिङ्ग र क्षेत्रको अपनत्व झल्किने खालको वैज्ञानिक, व्यवहारिक र बहुभाषिक सङ्घीय शिक्षा प्रणालीको स्थापना गरिनुपर्दछ भन्ने मान्यतामा हामी दृढ छौं।

अन्त्यमा संघको सातौं राष्ट्रिय महाधिवेशन भव्य एवं सानदार रूपमा सफल पार्न सम्पूर्ण मगर विद्यार्थीहरू, विश्वका मगर संघसंस्थाहरू, नेपाल सरकार, अभिभावक तथा समस्त राजनीतिज्ञ, उद्यमी, व्यवसायी, पेशाकर्मी, शिक्षक, प्राध्यापक, वकिल, मजदुर, किसान, कलाकार, पत्रकार, समाजसेवी, नागरिक अधिकारकर्मी, बुद्धिजीवीलगायत सबैमा आर्थिक, भौतिक तथा नैतिकलगायत सबै प्रकारको सहयोग, सल्लाह र मार्गनिर्देशनका लागि नेपाल मगर विद्यार्थी संघ सातौं राष्ट्रिय महाधिवेशन मूल आयोजक समिति हार्दिक अपिल गर्दछ।

## हाम्रा नाराहरू

- **संविधानसभामार्फत् यथाशीघ्र सार्थक संविधान – जारी गर !**
- **सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल – जिन्दावाद !**
- **आत्मनिर्णयको अधिकारसहित मगरात स्वायत्त प्रदेशको – स्थापना गरौं !**
- **वैज्ञानिक, व्यावहारिक र बहुभाषिक सङ्घीय शिक्षाप्रणाली – लागू गर !**
- **शिक्षामा भइरहेको निजीकरण र व्यापारीकरणको – अन्त्य गर !**
- **बहुभाषिक विश्वविद्यालय – स्थापना गर !**
- **राष्ट्रिय अखण्डता र स्वाधीनताको – रक्षा गरौं !**
- **जातीय, क्षेत्रीय, भाषिक आधारमा सङ्घीय राज्यको – निर्माण गरौं !**
- **भाषिक समानता – कायम गर !**
- **राज्यको अग्रगामी पुनसंरचनाविरुद्ध भइरहेको षड्यन्त्र – बन्द गर !**
- **मगर भाषामा उच्च शिक्षाको – ग्यारेन्टी गर !**
- **सबैखाले शैक्षिक विभेदको – अन्त्य गर !**
- **शिक्षामा मगर विद्यार्थीलाई विशेष अधिकारको – व्यवस्था गर !**
- **सहिद लखन थापामगरलाई प्रथम सहिद – घोषणा गर !**
- **वीर सहिदहरू – अमर रहून !**
- **सम्पूर्ण मगर विद्यार्थी – एक होऔं !**
- **स्व.वि.यु.मा समानुपातिक प्रतिनिधित्वको – ग्यारेन्टी गर !**
- **सातौं राष्ट्रिय महाधिवेशन – सफल पारौं !**
- **नेपाल मगर विद्यार्थी संघ – जिन्दावाद !**

## कार्यक्रम

| उद्घाटन | बन्द-सत्र | घोषणा-सभा | सम्पर्क |
|---|---|---|---|
| मिति : २०६८ माघ १३ गते<br>स्थान : खुलामञ्च, दमौली<br>समय : विहान ११:०० बजे<br>र्‍याली : विहान १०:०० बजे | मिति :२०६८ माघ १४ गते<br>स्थान : वाणिज्य हल, दमौली<br>समय : विहान ७:०० बजे | मिति : २०६८ माघ १५ गते<br>स्थान : वाणिज्य हल, दमौली<br>समय : विहान १०:०० बजे | **नेपाल मगर विद्यार्थी संघ**<br>केन्द्रीय समिति<br>फोन : ९७५१०११२१६, ९७४६०४२२०८, ९८४६१११६०२ |

प्रचारक : नेपाल मगर विद्यार्थी संघ, केन्द्रीय प्रचार-प्रसार तथा प्रकाशन विभाग

Website : www.magarstudents.org.np